समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८१/०३/३० बैठक संख्या: ५०

बैठक प्रारम्भ समय: दिनको १०:०० बजे बैठक समापन समय: बजे

आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ।

**निर्णयहरु**

१. खाँदबारी नगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको बैठकबाट पेश भएको आगामी आर्थिक बर्ष २०८१/८२ आन्तरिक आय प्रक्षेपण सम्बन्धी सिफारिस अनुमोदन गरी देहाय अनुसारको बजेट सिमा मिलान स्वीकृत गर्ने।

**देहाय:**

आ.व. २०८१/८२ को प्रस्तावित आय तथा व्ययको बजेट सिमा मिलान पश्चात् कायम भएको विवरण

| आयतर्फ | | |
|---|---|---|
| क्र.सं. | श्रोतको किसिम | आ.व. २०८१/८२ को अनुमानित आय रु. |
| १. | आन्तरिक आय गतको बचत | ८३,७९,८९७।- |
| २. | स्थानीय राजस्व बाँडफाँड (रजिष्टेशन मालपोत कार्यालयबाट प्राप्त) | ८०,००,०००।- |
| ३. | स्थानीय राजस्व बाँडफाँड गिटी, ढुङ्गा र बालुवा | २०,००,०००।- |
| ४. | आन्तरिक अन्य आय (कैर तथा ग्रैह करहरु) | ४,३५,००,०००।- |
| ५. | संघीय सरकार शसर्त अनुदान चालू पुँजिगत | ३५,१५,५६,०००।- |
| ६. | प्रदेश सरकार शसर्त अनुदान चालू पुँजिगत | ३,३२,६६,०००।- |
| ७. | संघीय वित्तीय समानीकरण | १६,३३,००,०००।- |
| ८. | प्रदेश वित्तीय समानीकरण | १,०६,१४,०००।- |
| ९. | प्रदेश राजस्व बाँडफाँड | ९७,०६,०००।- |
| १०. | संघीय राजस्व बाँडफाँड | १०,४४,००,०००।- |
| | जम्मा: | ७३,४७,२१,८९७।- |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

दीपकमणि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८१/०३/३० बैठक संख्याः ५०

बैठक प्रारम्भ समयः दिनको १०:०० बजे बैठक समापन समयः बजे

| व्ययतर्फ | | | | | |
|---|---|---|---|---|---|
| सि. नं. | अनिवार्य दायित्व भएको शीर्षक | रकम रु. | सि. नं. | मिलान गरिएको शीर्षक | रकम रु. |
| १. | खाँदबारी रङ्गशाला निर्माण, खा.न.पा. ७ (प्रदेश समपूरक) | १,००,००,०००।- | १. | नगरका साना योजनाहरु | ४०,००,०००।- |
| २. | पिपलबोटधारा मुखभई माझ ढुङ्गानागाउँ हुँदै चिसापानी जाने मोटरबाटो (प्रदेश समपूरक) | ३०,००,०००।- | २. | नगरस्तरीय विकास कार्यक्रम (१७५ लाखमध्ये) | ६५,००,०००।- |
| ३. | अनिवार्य दायित्व भएका छुट योजनाहरु | ४५,००,०००।- | ३. | थप आन्तरिक आय अनुमान | १,८५,००,०००।- |
| ४. | करार सेवा शुल्क | १,१५,००,०००।- | | | |
| | जम्मा | २,९०,००,०००।- | | जम्मा | २,९०,००,०००।- |

पुनश्चः थालेडाँडा लिफ्टिङ खानेपानी शीर्षकमा सिमा निर्धारण गरिएको रु. ३५,००,०००।- रकम निकासा भई भुक्तानी भईसकेको हुँदा वडा कार्यालय र नगरकार्यपालिकाको कार्यालयको भुक्तानी बाँकी विवरणतर्फ मिलान गरिएको ।

२. खाँदबारी नगरपालिका वडा नं. १ मा रहेको सोमनाथ घिमिरे स्मृति कभर्डहल सञ्चालन सम्बन्धमा कार्यविधि तयार भई अर्को व्यवस्था नहुञ्जेलसम्मको लागि जिल्ला ब्याडमिन्टन संघ सङ्खुवासभालाई हालको सम्झौताबमोजिम रहेको सेवा शर्तहरुको अधिनमा रही आ. व. २०८१/८२ मा समेत कार्य गर्न/गराउन स्वीकृति दिने ।

३. खाँदबारी नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको दरबन्दी एकीन तथा आगामी आर्थिक बर्षमा करार अवधि थप गर्ने सम्बन्धमा उपलब्ध श्रोतसाधन, कार्यबोझ र आन्तरिक आय समेतको तुलनात्मक अध्ययन गरी पेश गर्ने देहाय अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

**देहाय :**

| | |
|---|---|
| कार्यपालिका सदस्य श्री अर्जुन तामाङ | - संयोजक |
| कार्यपालिका सदस्य श्री देवबहादुर पुवाँर मगर | - सदस्य |
| कार्यपालिका सदस्य श्री डम्बरबहादुर घले | - सदस्य |
| प्रशासकीय अधिकृत श्री लवहाङ राई | सदस्य - सचिव |

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

दीपकमणि घिमिरे

प्रमुख